दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०५ | बुटवल | २०८१ कार्तिक २७, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Nov.12, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ‘प्रतिशोध साँध्न रविलाई अनावश्यक हिरासतमा राखियो’

बुटवल। रास्वपाले पार्टी सभापति रवि लामिछानेलाई राज्य पक्षले राजनीतिक प्रतिशोध साँध्न अनावश्यक हिरासतमा राखेको भन्दै पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने भएको छ।

सोमबार कास्की प्रहरी हिरासतमा सभापति लामिछानेसँग बसेको विशेष बैठकपछि उप-सभापति स्वर्णिम वाग्लेले राज्यले सभापति लामिछानेलाई प्रतिशोध साध्न हिरासतमा राखेकाले आन्दोलन जारी राख्दै पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने निर्णय भएको बताए।

अर्का उप-सभापति डीपी अर्यालले लामिछानेलाई रुपन्देही लगिने जानकारी पाएको भन्दै दोस्रो चरणको आन्दोलन र त्यसको मोडालिटीबारे पर्सी जानकारी गराउने बताए। प्रवक्ता मनिष झाले जिल्ला प्रहरी कार्यालय कास्कीले पटक-पटक म्याद थपेर हिरासतमा राखेर सरकारले अनावश्यक रूपमा दम्भ र प्रतिशोध साँधेको बताए।

‘हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने कारण देखिँदैन, केन्द्रीय समितिमा छलफल गर्छौं र धारणा सार्वजनिक गर्छौं।’- झाले भने। उनले लोकतन्त्रको आडमा सरकारले अधिनायकवादी चरित्र देखाएको पनि बताए।

## ‘संवैधानिक परिषद्लाई भागबण्डा परिषद् नबनाऔं’

काठमाडौं। नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक आयोगहरूलाई स्वतन्त्र हुन दिनुपर्ने बताएका छन्।

सोमबार प्रतिनिधिसभा अन्तरगतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकमाथिको छलफलमा उनले यस्तो बताएका हुन्।

‘सत्ता, शक्ति र भ्रष्टाचार पर्यायवाची भएको भाष्य आम रुपमा छ। यो भाष्य चिर्न अख्तियारले निष्पक्षतापूर्वक काम गर्न र सक्रिय हुने वातावरण आवश्यक छ।’- उनले भने।

संवैधानिक आयोगमा पदाधिकारी नियुक्त गर्दा नै ख्याल गर्नुपर्ने उनको सुझाव छ। शक्तिको दुरुपयोग नहोस् भनेर अख्तियार स्थापना भएको, तर संवैधानिक परिषद् भागबण्डा परिषद् भएको केसीले टिप्पणी गरे। संवैधानिक परिषद्लाई भागबण्डा परिषद् नबनाए मात्रै निष्पक्ष काम हुने केसीको भनाइ छ। अख्तियारसहितका संवैधानिक निकायका प्रमुख, पदाधिकारीहरू र प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्ने जिम्मेवारी संवैधानिक परिषद्लाई छ।

संविधानको धारा २८४ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा रहेको संवैधानिक परिषद्मा प्रतिनिधिसभाको सभामुख, राष्ट्रियसभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता, प्रतिनिधिसभाको उप-सभामुख, प्रधान न्यायाधीश सदस्य रहन्छन्।

यो परिषद्ले गर्ने सिफारिसप्रति कांग्रेस सांसद केसीले प्रश्न उठाएका हुन्। नीतिगत भ्रष्टाचार नियन्त्रणको उपाय खोजिनुपर्नेमा पनि उनले जोड दिए।

‘नीतिगत निर्णयका नाममा व्यापक भ्रष्टाचार छ। प्लेन खरिद, ललिता निवासको विषय यसको उदाहरण हो’, केसीले भने- ‘नीतिगत निर्णय नियन्त्रण भएन भने भ्रष्टाचार नियन्त्रण हुँदैन।’

नीतिगत निर्णयको स्पष्टता आवश्यक रहेको र यस अनुसार ऐन बन्नुपर्ने उनको राय छ।

### एमआरआई मेसिन खरिद प्रकरण :

# मिलेमतो छैन, आधा सस्तो सेवा रोक्ने प्रपञ्च हो : अस्पताल

निजीमाभन्दा आधा सस्तो मूल्यमा एमआरआईको सेवा लिन पाउने अवसरलाई विवादित बनाएर सर्वसाधारणलाई सधैंभरि निजीमा महँगो शुल्क तिर्न बाध्य बनाउने अवस्था अन्त्य गर्न जरूरी रहेको अस्पतालको भनाइ छ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रादेशिक अस्पतालले करिब १५ करोड मूल्यको एमआरआई मेसिन किन्न अगाडि बढाएको प्रक्रियामा मिलेमतो नभएको दाबी गरेको छ। एमआरआई मेसिन खरिदमा साढे ५ करोड रुपैयाँ बढी मूल्य तिरेर राज्यलाई नोक्सान पार्ने र आफूहरुले लाभ लिन खोजेको आरोप लागेको छ। अस्पतालले सोमबार पत्रकार सम्मेलन गरी सार्वजनिक खरिद ऐनको अधिनमा रहेर पारदर्शी ढंगले खरिद प्रकृया अघि बढाइएको र कुनै मिलेमतो नभएको प्रष्ट पारेको हो।



निजी स्वास्थ्य संस्थामा१६/१७ हजार बढी शुल्क तिरेर एमआरआई सेवा लिनुपर्ने बाध्यात्मक अवस्था अन्य गरी आधा सस्तो मूल्यमै सेवा लिन पाउने वातावरण निमाण गर्नुपर्छ भन्ने उद्देश्यकासाथ एमआरआई मेशिन खरिद गर्न थालेकोमा बाहिर महँगो शुल्क लिने समूहको स्वार्थमा अस्पताललाई आरोप लगाएर विवादमा तानिएको अस्पतालका प्रमुख डा. इन्द्र ढकालले बताए।

३ वर्ष अगाडि सेती प्रादेशिक अस्पतालले १.५ टेस्ला खरिद गर्दा उसले खरिद गरेको लागतलाई आधार मानेर लागत अनुमान तयार गरेको उनले बताए। उक्त समयमा मेसिन खरिद गर्दा डलरको भाउ ११०/११२ को हाराहारीमा रहेकोमा हालको मूल्य १३४/१३५ को हाराहारीमा रहेको छ। अहिले १.५ टेस्ला एमआरआई मेसिन अस्पतालहरुमा १४ करोडदेखि १८ करोडमा खरिद गरिएका, तर लुम्बिनी प्रादेशिक अस्पतालले पनि १४ करोड हाराहारीमै खरिद गर्न लागेको ढकालले बताए।

‘हाम्रो योजना सफल भएको खण्डमा अस्पतालमा उपचार गराउन आउने लक्षित समूह, विपन्न तथा गरिब परिवारका बिरामीले निःशुल्क तथा सहुलियत दरमा एमआरआई सेवा प्राप्त गर्ने छन्, अन्य सर्वसाधारणले समेत निजी स्वास्थ्य संस्थाकोभन्दा आधा मूल्यमा एमआरआई सेवा प्राप्त गर्न पाउने छन्,’ डा. ढकालले भने-‘तर यसले आफ्नो निजी क्षेत्रबाट चलेका एमआरआई व्यवसायमा असर गर्ने भएकाले नागरिकले आधा सस्तोमा पाउने सेवा रोक्ने प्रपञ्चअनुसार निराधार हल्ला चलाएर खरिद प्रकृया प्रभावित गर्न खोजिएको छ।’

प्रदेश सरकारले ४ वर्षअघि प्रदेश स्वास्थ्य व्यवस्थापन आपूर्ति केन्द्रले मेसिन गरिद गर्न नसकेपछि तत्कालिन स्वास्थ्यमन्त्री तथा स्वास्थ्य सचिव समक्ष एमआरआई मेसिन खरिद गर्नुपर्छ भनेर प्रस्ताव लगेको डा. ढकालले बताए।

हरेक वर्ष प्रदेश सरकारबाट बजेट विनियोजन भए पनि दुईपटकसम्म मुद्दा परेर रोकिएकोमा हाल मुद्दाबाट सफल अवतरण भई नयाँ खरिद प्रक्रिया सुरु गरिएपछि प्रदेशवासीले आधा सस्तोमा सुविधा पाउने आशा पलाएकोमा यसलाई पनि रोक्न चलखेल हुनु चिन्ताको विषय भएको डा. ढकालले गुनासो गरे। ‘प्रदेशवासीले सस्तो मूल्यमा एमआरआईको सेवा लिन पाउने अवसरलाई कसले किन रोक्न खोजिरहेका छन् यसबारे सचेत नागरिकले खोजी गर्नु आवश्यक छ, महँगो शुल्क तिर्न नसक्ने नागरिकलाई आधा सस्तोमा सेवा लिन पाउने अवसर बिथोल्न हुँदैन।’

नयाँ प्रक्रियाअनुसार यही कार्तिक १ गते बोलपत्र आह्वान गरी एमआरआई मेसिन खरिद प्रक्रिया अघि बढेको थियो।

‘एनसीबी’ अर्थात् नेशनल कम्पिटेटिभ बिडिङअनुसार आह्वान गरिएको बोलपत्रमा अधिकतम मूल्य १५ करोड राखिएकोमा सोही मूल्यमै सामान खरिद गरिएको जसरी गलत प्रचार भएको छ,’ ढकालले भने-‘बोलपत्रमा उल्लेख गरिएको रकममा सप्लायर्स कम्पनीहरुले प्रतिस्पर्धा गर्दा सबैभन्दा कम मूल्य कबोल गर्ने कम्पनी छनोट भई उसैले खरिद गर्ने हो, सामान्यतया कम्पनीहरुले २०/२५ प्रतिशतसम्म कम मूल्यमा कबोल गर्ने प्रचलन रहेको हुँदा मेसिनको मूल्य पनि कम हुने अनुमान गरेका छौं।’

खरिद प्रकृयामा सबैले प्रतिस्पर्धा गर्न पाउनु पर्छ भन्ने मान्यताअनुसार ‘स्पेसिफिकेसन समिति निर्माण गरेको र त्यसमा ३ जना विशेषज्ञ चिकित्सक, २ जना वायोमेडिकल इञ्जिनीयर सम्मिलित ५ सदस्यीय समितिले तयार गरेको स्पेसिफिकेसनअनुसार खरिद समितिलाई सिफारिस भई उक्त प्रतिवेदनलाई स्वास्थ्य विभाग व्यवस्थापन महाशाखाका मेडिकल इञ्जिनियरलाई आमन्त्रित गरी उनीहरुको सहयोगमा अध्ययन गरी परिमार्जन भएर आएपश्चात् अन्तिम स्पेसिफिकेशन र लागत अनुमानको अधिनमा रहेर टेन्डर प्रक्रिया अगाडि बढ़ाएको डा. ढकालले स्पष्ट पारे।

सामान आपूर्ति गर्न सक्ने स्वदेशी कम्पनीहरु हुँदाहुँदै एनसीबीमा जान उपयुक्त ठानेर नै आइसीबी (इन्टरनेसनल कम्पिटेटिभ बिडिङ) मा नगएको समेत उनले प्रष्ट पारे। सार्वजनिक खरिद ऐनअनुसार ५ अर्ब बढी लागत मूल्य पर्ने, जटिल सामान भनि ‘पिपिएमओ’ले सिफारिस गरेका, दातृ निकायको सहयोग तथा स्रोतबाट खरिद गर्नु परेमा तथा स्वदेशी सप्तालयर्स कम्पनीहरुले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा मात्रै आइसिबीमा जानु पर्ने बाध्यकारी अवस्था रहेको उनले स्पष्ट पारे। यसैगरी विगतका टेन्डरहरुमा आइसीबी विधिबाट जाँदा विश्व बजारमा डरलको भाउ घटबढ हुँदा त्यसको प्रभावले टेन्डर नै रद्द गर्नुपरेको घटनालाई आधार मानेर एनसीबी विधि अपनाएको उनले उल्लेख गरे। एनसीबी विधिमा कुनै पनि आवेदन नपरेमा दोस्रो विकल्प आइसीबीमा जाने बाटो खुला नै रहेको उनले बताए।

» बाँकी ३ पेजमा

# रवि लामिछानेलाई आज भैरहवा ल्याइँदै

प्रहरी स्रोतका अनुसार आज बिहान ८ बजे तिर लामिछानेलाई भैरहवा ल्याइँदैछ।




**लुम्बिनी संवाददाता**
*बुटवल*

कास्की प्रहरीको हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई बयानका लागि आज मंगलबार भैरहवामा ल्याइने भएको छ। बुटवलको सुप्रिम सहकारीमा भएको अपचलनको अनुसन्धान गर्न रुपन्देही प्रहरीले उनलाई ल्याउन लागेको हो। प्रहरी स्रोतका अनुसार आज बिहान ८ बजे तिर लामिछानेलाई भैरहवा ल्याइँदैछ।

सहकारीको रकम हिनामिना आरोपमा अनुसन्धानका लागि २४ दिनदेखि कास्कीमा हिरासतमा रहेका लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतले अनुसन्धान गर्न थप १३ दिन हिरासत राख्न अनुमति दिएको थियो। सूर्यदर्शन सहकारीको रकम अपचलनमा पोखरामा अनुसन्धान गरिरहेको प्रहरीले त्यहाँ अनुसन्धान नसक्दै यसका लागि रुपन्देही अदालतबाट प्रहरीले अनुमति लिइसकेको छ।

रुपन्देही प्रहरी श्रोतका अनुसार कास्की प्रहरीसँगको समन्वयमा मंगलबार बिहान विमानबाट भैरहवा ल्याइने छ। रुपन्देही प्रहरी प्रमुख रञ्जित सिंह राठौरले लामिछानेलाई सोमबार साँझ रुपन्देही ल्याउने तयारी गरिए पनि साँझ पोखराबाट आउने विमान नभएकाले मंगलबार ल्याइने बताए। रुपन्देही जिल्ला अदालतबाट प्रहरीले बुटवलस्थित सुप्रिम ऋण तथा बचत सहकारी संस्थाको १४ करोड २९ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर खर्च गरेको कसुरमा अनुसन्धान गर्न हिरासतमा रहेका लामिछाने, जीबी राईसहित १२ जनालाई पक्राउ अनुमति लिइसकेको छ।

बुटवलस्थित सुप्रिम सहकारीबाट १ करोड ९६ लाख रवि लामिछानेकै नाममा र १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत् गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ।

लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष एवं पूर्व डीआइजी छविलाल जोशी बञ्जाडे पनि कास्की प्रहरी हिरासतमै छन्। बञ्जाडेलाई यसअघि नै रुपन्देही ल्याएर बयान गरी कास्की पठाइसकिएको छ। बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारीबाट लामिछानेको नाममा बुटवल उप-महानगरपालिका-९ राजमार्ग चौराहामा कार्यालय रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट २०७७ चैत १८ मा २ करोड ऋण लिएको अनुसन्धानबाट खुलेको छ।

२ करोडमध्ये संस्थाले काट्ने सेवा शुल्क कटाएर लामिछानेले १ करोड ९६ लाख ऋण लगेका छन्। ऋण लैजाने क्रममा उनी गोर्खा मिडिया नेटवर्कमा कार्यकारी निर्देशकका रूपमा कार्यरत थिए। त्यस्तै गोर्खा मिडियाकै उपाध्यक्ष बञ्जाडेको नाममा पनि २ करोड ५० लाख रुपैयाँ ऋण लिएको देखिएको छ।

उनले २०७७ माघ २९ गते २ करोड ५० लाखमध्ये ५ लाख सेवा शुल्क कटाएर २ करोड ४५ लाख रुपैयाँ ऋण लिएको देखिएको छ। लामिछाने र बञ्जाडे दुवैको नाममा गोर्खा मिडिया नेटवर्कको ग्लोबल आइएमई बैंकको खातामा रकम जम्मा भएको अनुसन्धानले देखाएको छ।

गुल्मीको मालिका गाउँपालिका-८ घर भएका ३० वर्षीय सागर केसी अहिले फरार छन्। केसीले भौचर सदर गरेर रोशनी गुरुङले गोरखा मिडिया नेटवर्कको नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको अभियोग पत्रमा उल्लेख छ। रोशनी यसअघि नै अदालतबाट धरौटीमा रिहा भएकी छन्।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

# खोई कानुन ?

सरकार चल्ने र शासन प्रणाली संस्थागत हुने कानुनले हो । कानुनले सरकारका गतिविधि चलायमान हुन्छन् । सरकारी निकायले काम गर्ने बाटो कानुनले नै खोल्ने हो । कानुन विना सरकारी कामकाज नतिजामुखी बन्न सक्तैन् । संघीय शासन प्रणालीलाई संस्थागत गर्न बन्नुपर्ने कानुन नबन्दा व्यवस्थाप्रति नै प्रश्न उठ्न थाल्नु अस्वाभाविक होइन् । शासन प्रणालीप्रति अहिले उठिरहेको प्रश्न प्रणाली चलाउन बन्ने कानुन नबन्दा हो ।

संविधान बनेपछि संवैधानिक प्रबन्धअनुसार दुई पल्ट चुनाव भयो । तहगत सरकारमा राजनैतिक नेतृत्व क्रियाशिल छ । राजनैतिक नेतृत्वले पहिलो कार्यकालको पाँच वर्ष पूरा गरी दोस्रो कार्यकालको दुई वर्ष गुजारी सकेको छ । मुलुकमा संवैधानिक प्रबन्धअनुसार आवधिक चुनाव भई राजनैतिक संघीयता स्थापित भए पनि शासन प्रणालीलाई व्यवस्थित गर्ने प्रशासनिक र वित्तीय संघीयता कार्यान्वयन कमजोर छ ।

राजनैतिक नेतृत्वले अघि सारेको नीति, योजना र कार्यक्रमलाई कार्यान्वयन गर्ने कर्मचारी प्रशासनले हो । कर्मचारी प्रशासनको चुस्त परिचालनबाट नै सरकारले नतिजामुखी काम गर्न सक्छ । संघीय शासन प्रणालीअनुसार कर्मचारी प्रशासन चल्न संघीय निजामती ऐन नबन्दा कर्मचारी प्रशासन काम चलाउ ढंगले अघि बढेको छ । राजनैतिक नेतृत्व नभए पनि सरकार चलाउने कर्मचारी प्रशासनले हो । त्यसैले कर्मचारी प्रशासनलाई 'स्थायी सत्ता' भनिन्छ । 'स्थायी सत्ता' मानिने कर्मचारी प्रशासनलाई सहज ढंगले अघि बढ्न कानुनी प्रबन्ध गर्न सरकार चुकेको छ । संघीय निजामती ऐनको अभावमा प्रदेश सरकारले बनाएको प्रदेश निजामती ऐन निष्प्रभावी भएको छ । स्थानीय सेवा ऐन बन्न सकेको छैन । निजामती ऐन नबन्दा कर्मचारी प्रशासनमा आएको समस्याबारे सरकार जानकार नभएको होइन्, तर स्वार्थ समूहको दबाब र प्रभाव छिचोल्न नसक्दा कानुन निर्माणमा विलम्ब भएको छ । प्रदेशको शान्ति सुरक्षाको सवाल प्रदेशको एकल अधिकारको सूचीमा रहेको विषय हो । प्रदेश सरकारलाई शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने प्रहरी समायोजन हुन सकेको छैन । निजामती सेवा विधेयक प्रतिनिधि सभामा दर्ता भए पनि प्रहरी विधेयक अघि बढ्न सकेको छैन । शिक्षा विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा अड्केको छ । गुठीसम्बन्धी विधेयक संसद्बाट फिर्ता भएको चार वर्ष भइसक्यो । पुनः संसद लैजाने सुरसार छैन । गुठीसम्बन्धी कानुन नबन्दा किसानले मोहियानी हक पाउन सकेका छैनन् । दाङमा गुठी पीडित किसान सडक आन्दोलनमा उत्रेका छन् । संघीयता कार्यान्वयनसँग सम्बन्धित ४० वटा कानुन बन्न बाँकी छन् । ती कानुन छिटो बन्न सक्दा मात्रै संघीय शासन प्रणाली संस्थागत हुने बाटो खुल्ने हो ।

संसद्मा एउटा विधेयक प्रक्रियागत ढंगले पारित गर्न कम्तिमा १२ देखि १५ दिन लाग्छ । त्यो समय भनेको लगातार विधेयकको मात्रै संसद्मा छलफल भएमा हो । कानुन निर्माणको यो प्रक्रियालाई ख्याल गर्दै संसदलाई विजनेश दिन सरकार चुकेको छ । कर्मचारी प्रशासनलाई स्थिर र आशामुखी बनाउन एंव उनीहरुलाई कामकाजी बनाउन संघीय निजामति ऐन बनाउन ढिलाइ गर्न हुन्न । संघीयता कार्यान्वयनको महत्वपूर्ण कानुन प्रहरी ऐन पनि छिटो निर्माण गरेर संघीयता कार्यान्वयनमा सरकार गम्भीर छ भन्ने सन्देश दिनु आवश्यक छ ।

# आज हरिबोधिनी एकादशी

–सुयोग ढकाल

हरिबोधिनी एकादशीलाई वर्षको चाडपर्वहरुको खाता बन्द भएको विगुलकारुपमा लिने गरिन्छ । कोजाग्रत पूर्णिमाबाट बाल्न थालिएको आकाशे बत्तीलाई आजबाट बाल्न बन्द गरिने चलन पनि छ ।

हरिबोधिनी एकादशी एउटा महत्वपूर्ण एकादशी हो, यस एकादशीलाई यसको महिमाका कारणले पनि सबैभन्दा ठूलो अर्थात् ठूली एकादशी पनि भन्ने गरिन्छ । आजको दिन भगवान विष्णुप्रति समर्पित दिन हो, आजको दिन नै हरिशयनी एकादशीबाट चिर निन्द्रामा सुत्नुभएका विष्णु भगवान उठ्नुहुन्छ भन्ने जनविश्वाश रहेको छ ।

वैदिक सनातन हिन्दू धर्मशास्त्रमा आयूर्वेद समेत महत्वपूर्ण भूमिका लिएको तुलसीको बिरुवाको महत्व ठूलो छ । धार्मिक र सांस्कृतिक अनि वैज्ञानिकरुपमा पनि अति उपयोगी यस वनस्पतीलाई आँगनमा तुलसाको मठ बनाएर रोप्ने चलन छ ।

बैदिक सनातन सस्कारमा तुलसी पूजा को ठूलो महत्व छ । हजारौं वर्षदेखि सनातन सस्कारीहरु प्रातकालमै उठेर तुलसीमा पानी चढाएर अनि नमन गरेर मात्र आ-आफ्नो दैनिकीमा लाग्ने गरेका छन् । जन्म, मृत्युदेखि हरेक सनातन सस्कारमा तुलसीको बिरुवा अनि पातको महत्व हुन्छ । तुलसी पात हालेर अनि भगवानलाई अर्पण गरेर मात्र भोजन फलाहार आदि सेवन गर्ने चलन अझैं पनि कैयन घर अनि परम्परामा बिध्यमान छ । आँगनको छेउको तुलसी मोठ विवाह, ब्रतबन्धलगायत मृत्युशैयासम्मका लागि पवित्र स्थान मानेर उपयोग गरिने चलन छ । तुलसीको फूललाई सुकाएर राखेर प्रयोग गरिन्छ, यी फूललाई मञ्जरी भनिन्छ । त्यस्तै तुलसीको डाँठलाई काटेर सुकाएर आएका मसिना काठ जस्ता टुक्राका पवित्र माला अत्यन्त पवित्र मानिन्छ ।

पद्म पुराणमा बिन्दा देवीले पृथ्वीमा आएर भगवान विष्णुलाई आफ्नो पिता रुपमा पाउन गरेको तपस्यासँग तुलसीको महत्वलाई गासिएको पाइन्छ । त्यस्तै श्रिमद्ध भागवतको ३ को ५ को १९औं खण्डमा तुलसी बिरुवाको दैविक गुणलाई व्याख्या गरिएको पाइन्छ ।

भोजनलाई सदैव तुलसीको पात राखेर मात्र सेवन गर्ने भगवान श्री कृष्णलाई तुलसीसँग जोडिएका प्रसंगहरु धेरै छन् । गौतमीय तन्त्रअनुसार भक्तहरुले हत्केला भरिको पानी र तुलसीको पातमात्र सफा हृदयले अर्पण गरेमा श्री कृष्णको कृपाले सम्पूर्ण फल प्राप्त हुने महिमा छ । स्कन्द पुराणले पनि तुलसीको पूजा गरेमा अनन्त फल प्राप्त हुने व्याख्या गरेको छ ।

औपचारिक रुपमा हरिशयनी एकादशीमा रोपिएको तुलसीको बिरुवा हरिबोधिनी एकादशीसम्ममा धेरै ठूलो भइसकेको हुन्छ । आजको दिन विधिपूर्वक जप, होम गरेर तुलसीको होम लगाइन्छ भने यसरी अषाढ शुक्ल एकादशीमा रोपिएको तुलसीलाई आज पिपलसँग विवाह गरिदिने परम्परा पनि रहेको छ । तुलसीको मठको चारैतर्फ बाँसको लिङ्गो गाडेर अनि रगंरोगन गरेर श्रृंगारिन्छ । यसरी होम लगाँउदा रुद्री पूजा पनि गरिने चलन छ । अब त खेतमा धानका वाला पनि लहलहाउन थालिसके, नयाँ धानको चामल कुटेर त्यसमा दही, सख्खर आदि मिसाएर न्वाँगी चढाउने र प्रसादका रुपमा ग्रहण गर्ने चलन पनि छ । यस अर्थमा आजको दिन यसवर्षको नयाँ अन्नको औपचारिक प्रयोग गर्ने दिन पनि हो ।

आजको दिन भक्तालुहरु बिहानैदेखि नुहाइधुवाई अनि चोखो भएर व्रत बस्ने अनि फलाहार तथा कन्दमुल चोखोनितो खानेकुरा लिने चलन छ । विष्णु भगवानलाई नारायणका नामले पनि पूजिन्छ र यीनै नारायण र काठमाडौं उपत्यकाको एउटा परम्परागत र परापूर्वकालिन सम्बन्धको समेत आज यहाँ चर्चा गर्न जाँदैछौं ।

परापूर्वकालमा काठमाडौं शहरमाथि भगवान विष्णुको अनुकम्पा रहिरहोस् भनी उपत्यकाको चारैतर्फको कुनामा विष्णुको प्रतिमा राखिएको हो, जसको प्रतापका कारण विष्णुको अनुग्रह काठमाडौं शहरमा हरेक पिढी दरपिढी कायम रहने सामाजिक मान्यता रहेको पाइनछ । काठमाडौंको पश्चिममा इचङ्गु नारायण, पूर्वमा चाङ्गु नारायण, उत्तरमा विशखुं नारायण अनि दक्षिणमा शेष नारायणका रुपमा विष्णुले काठमाडौंलाई हेरिरहेको जनविश्वाश छ ।

पहिले पहिले हरिबोधनी एकादशीमा भक्तहरु विष्णु प्रतिमा रहेको आफूलाई पायक पर्ने मन्दिरमा खाली खुट्टा हिँडेर सूर्य उदाउँदादेखि अस्ताउँदासम्म पूजापाठ गरेर बस्ने चलन थियो । यसक्रममा भक्तजनहरु उपत्यकाको चारै नारायण एकैदिनमा हिँडेर पुग्ने पनि गर्दथे भन्ने कथन छ । यसरी हिँडेर चारै नारायण पुग्ने तिर्थालुहरु अन्त्यमा फर्पिङ्गको शेष नारायणमा पुगेर आफ्नो तिर्थाटन समापन गर्ने गर्दथे ।

शेषको अर्थ अन्त्य भन्ने हुन्छ र नारायण दर्शनको समापनविन्दु पनि त्यहीं हुने गरेको भनाइ छ । यसरी चारवटै नारायणको दर्शनार्थ पुग्नसक्ने भक्तालुहरुकालागि पाटनको कृष्ण मन्दिरको छेउमा चारनारायण मन्दिरमा उपत्यका वरिपरिका चारै नारायणको प्रतिमा राखिएको र सहज रूपमा दर्शन गर्ने व्यवस्था गरिएको हो ।

उतिबेला मानिससँग धेरै समय र भक्तिकालागि समय भएकाले पनि दिनभरि मन्दिर परिसरमा बस्ने गर्दथे र साँझ परेपछि फर्किने चलन भएको उपत्यकामा अझैं पनि वृद्धवृद्धाले बताउने गर्दछन् तथापि अहिले पनि यि नारायणहरुमा भक्तजनहरुको प्रशस्तै भिड हरिबोधिनी एकादशीको दिन देख्न सकिन्छ ।

यस बाहेक नेपालभर छरिएर रहेका भगवान विष्णुका मन्दिर अनि तिर्थस्थलमा तिर्थाटन गर्ने भक्तजनहरुको आज ब्यापक भिड रहने गर्दछ ।

नमोः नवः तुलसी कृष्ण प्रियशी
कृष्ण राधा सेवा को सबै अभिलासी
हरिबोधनी एकादशीको शुभकामना !

## तुलसी विवाह विधि र विशेषता



*- प. नारायणप्रसाद दुलाल*

*देवी त्वं निर्मिता पूर्वमर्चितासि मुनीश्वरैः ।*
*नमो नमस्ते तुलसी पापं हर हरिप्रिये ॥*

*कार्तिक शुल्क एकादशी अर्थात् हरिबोधनी, ठूलीएकादशी वा तुलसी विवाहको नामले प्रसिद्ध यस दिन विशेषगरी विष्णु भगवानको पूजनसहित तुलसी विवाहको उत्सव मनाइन्छ । सनातन धर्म अनुसार आषाढ शुल्क एकादशीदेखि सुतेर भगवान् विष्णु चार महिनापछि आफ्नो निन्द्राबाट उठेको यस पवित्र दिनमा भगवान् विष्णुले सबैभन्दा पहिले तुलसीको प्रार्थना सुन्नुभएको र त्यसै प्रार्थनाका प्रभावले निन्द्राबाट उठ्नुभएको यसै दिन तुलसीको विवाह विष्णु भगवानसँग भएको थियो, शालिग्राम वा पिपलसंग तुलसीको विवाह भगवान् विष्णु र लक्ष्मीको विवाहको प्रतीकात्मक विवाह हो ।*

*यस दिन बिहान सूर्योदयभन्दा पहिले उठेर स्नान गर्ने र विष्णु भगवानको पूजनसहित तुलसी विवाहगरी व्रत वस्ने परम्परा रहेको छ । तुलसी विवाहको लागि तुलसीको मठ या गमलामा गेरु वा रङ्ग आदिले रंगरोगनगरी सजाएर चारैतिरबाट ऊखु, साल, बाँस या नियालोलो मण्डप बनाएर त्यसमाथि फूल तथा कपडाले सजाएर तुलसीलाई वस्त्र तथा सौभाग्य लगाएर शृङ्गार गर्नु पर्दछ । दियो, कलश, गणेशसहित सबै देवी-देवताहरुको र श्री शालिग्रामको श्रद्धा एवं भक्ति पूर्वक पूजन गर्नु पर्दछ र आजकै दिनबाट नयाँ धान कुटेर चामलको न्वागी भगवानलाई अर्पणगरि प्रसाद स्वरूप न्वागी खाने प्रचलन पनि रहेको छ ।*

*पूजन गर्दा ॐ तुलसी दामोदराभ्यां नमः भन्दै पाद्य जल, अर्घ, आचमनी, दूध, दही, घ्यू, मह, चिनी तथा पञ्चामृतले स्नान गराउनु पर्दछ तत्पश्चात् शुद्ध जलले स्नानगराई तुलसी तथा शालिग्राममा आफ्नो गच्छे अनुसार श्रद्धा एवं भक्तिले चन्दन, रोली, सिन्दुर, टिका, वस्त्र, सौभाग्य चढाउनु पर्दछ र जौ, तिल, फूल, माला, सहित सम्पूर्ण उपचारले पूजा गर्दै धूप, दिप, नैवेद्य, ऋतुफल, कन्दमूल, पान, सुपारी आदि द्वारा गरिएको पूजाबाट मनोवाञ्छित फल प्राप्त हुने शास्त्रक्त कथन रहेको छ, त्यसपछि पहेंलो फूल हातमालिई प्रार्थना गर्दै पुष्पाञ्जली गर्नु पर्दछ र एउटा नारिवल, दक्षिणासहित भगवान् शालिग्राम हातमा लिएर तुलसीजीको सात पटक परिक्रमा गर्नुपर्दछ तत्पश्चात् आरती गरी तुलसी विवाह उत्सव पूर्ण गरिन्छ र यसदिन विष्णुभगवानको भजन किर्तन गरी रातभरी जागराम बस्ने चलन पनि रहेको छ । यसरी गरिएको पूजा एवं आराधनाबाट हामीलाई सुख, समृद्धि र सबै प्रकरको मनोकामना प्राप्ति हुने धार्मिक विश्वास रहेको छ । अस्तु ॥*

# के यो इतिहास होइन र ?

पदम न्यौपाने

इतिहास र संस्कृतिको अध्ययन गर्दै आएका युवराज कडेंलले अक्टोवर २८ को दिन फेसबुकमा एउटा स्टाटस राख्नु भयो –आज बुटवलको लागि खास दिन हो । बुटवलको पृष्ठभूमि वा विकासको आधार खोज्दै जाँदा प्रथम त बटौलीको पृष्ठभूमि फेला पर्छ । यसको अर्थ केहो भने बुटवल बन्नु पूर्व बटौली बनिसकेको थियो । बुटवलको खास दिन भनेकै बटौलीको इतिहासले छोडेको बिरासतयुक्त विशेष दिन हो । यसो भन्नुको तात्पर्य के हो भने बटौलीको इतिहास बजार वा व्यापारसँग मात्र जोडिएको इतिहास नभै यो त देशकै इतिहाससँग महत्वपूर्ण सरोकार राख्ने पक्ष पनि हो ।

भारतमा व्यापारको निहुँमा प्रवेश गरेका अंग्रेजहरु विस्तारै त्यहाँको व्यापार मात्र होइन सत्ता समेत कब्जा गरे । त्यही दौरानमा अंग्रेजहरु भारतबाट नजिक पर्ने अन्य राष्ट्रमा समेत व्यापारको साम्राज्य विस्तार गर्ने चाहानाअनुरुप तिब्वतमा प्रवेश गर्न चाहान्थे र यसकालागि नेपाल सहज सरल र छोटो बाटो मानिन्थ्यो । अब अंग्रेजहरु यही बाटोकोलागि नेपाल प्रवेश गर्न चाहान्थे र विभिन्न हथकण्डा प्रयोग गर्न थाले । कहिले कुटनीतिक त कहिले सामरिक कुटनीति वा विधिले काम गर्न सकेको थिएन, तथापी उनीहरुको पहल निरन्तर चलिरह्यो । यहीक्रममा उनीहरुको सबैभन्दा बढी ध्यान केन्द्रित भएको स्थान थियो, रुपन्देहीको स्यूराजहुँदै बटौली क्षेत्र । तत्कालिन सेन राजाहरुको पालामा शसक्त प्रभावशाली र सवल राज्यको रुपमा रहेको पाल्पामा तोकीएका तैनाथ वालाको अदलीवदली समेत छिटो छिटो भएकोले पनि हुन सक्छ अंग्रेजहरुको प्राथमिकता पाल्पा क्षेत्र वा बटौलीनाका परेको अनुमानगर्न सकिन्छ ।

अब अक्टोवर २८ लाई किनविशेष दिन मान्नु पर्ने हो भन्ने बारेमा युवराज कडेंल लेख्नु हुन्छ – बुटवलको जग्गाको बारेमा नेपाल र अंग्रेज बिचमा कुरा नमिलेपछि अंग्रेजले बि.स. १८७१ बैशाख १२ गते बुटवलमा आफ्नो प्रहरी चौकी खडा गरेको थियो । सुबेदार मनिराजमास्के (फौजदार) को नेतृत्वमा एक महिनापछि (जेठ १८ गते) प्रहरी चौकी/ठानामा आक्रमण गरि चौकी हटाएका थिए । आफ्नो थानेदारलाई मनिराजले बर्बरतापूर्वक हत्या गरेको भन्दै अंग्रेज आक्रोशित भएर उनलाई सुपुर्दगी गर्न नेपाल सरकारलाई आग्रह गर्यो । नेपालले नमानेपछि यसलाई समेत एउटा कारण बनाएर अंग्रेजले नेपालविरुद्ध युद्ध सुरु गरेको थियो । उनी मनिराज बि.स. १८७१ को दिन (अक्टोबर २८) मा अंग्रेजविरुद्ध लड्नको लागि फौज लिएर पाल्पादेखि बुटवलमा आएका थिए । तिलपुर प्रगंनाकातहसिलदार मिर्जा हुस्सेन उल बेगले गोरखपुरका कलेक्टरलाई पत्र लेखेर यो कुराको जानकारी दिएका थिए । यहिअनुसार जनरल उडले लडाईको तयारी गरेका थिए ।

उल्लेखित उद्धरणलाई मात्र हेर्दा मनीराज फौजदार व्यापार गर्ने व्यापारी मात्र नभएर बटौली नाका जोगाउने एक महत्वपूर्ण व्यक्तित्व रहेको प्रष्ट हुन्छ । अंग्रेजहरुले उनीलाई नै लक्षित गरेर युद्ध रणनीति बनाइ आक्रमण गरेको देखिन्छ । सायद मनीराजलाई यही पक्षले पनि हुन सक्छ अंग्रेजहरुलाई जसरी पनि हराउनु पर्दछ भन्ने संकल्पीत लक्ष्यलिएर कर्णेल उजिरसिंह थापासँगै युद्धमा होमिएका थिए । एकजना व्यापार व्यवसाय गर्ने व्यापारी मुलुक जोगाउनका लागि जसरी सक्रिय बन्यो र युद्धमा होमीयो त्यो समग्र व्यापार व्यावसाय गर्ने हरेककालागि गौरव गर्ने पक्ष हो । विशेषगरी रुपन्देहीका व्यापारी एवं सम्बद्ध सबै संघ संस्थाहरुका लागि यो विचारणीय पक्ष पनि हुनुपर्दछ । यसैले पनि अक्टोर २८ लाई यो क्षेत्रले सम्झना गर्दै उनकै सक्रियतामा बनेको निमचौक र नजिकैको मननारायण मन्दिरमा दीप प्रज्ज्वलन गर्दा इतिहासको सम्मान हुनेछ भने यो क्षेत्रको वजन र गरिमा पनि बढेर जानेछ ।

त्यसैगरी बुटवल ऐतिहासिक र सांस्कृतिक सम्पदाले सम्पन्न हुनुमा महत्वपूर्ण योगदान बटौली क्षेत्रले नै गरेको छ । यही क्षेत्रमा सेन वंशिय शासनकालका सम्पदा, राणाकाल अगाडि र पछाडिका सम्पदा र मनीराज स्वयम्ले स्थापना गरेको मननारायण मन्दिर र मन्दिरकालागि राखिएको जग्गा साथै विशेष महिमासहितको गणेश मन्दिर, शिवमन्दिरलगायतका धार्मिक तथा आध्यात्मिक सम्पदाहरु साथै बटौली बजार भएकै कारण बुटवल उप-महानगरपालिकाले समेत सो दिनमा विशेष स्मरण कार्यक्रम गर्दा इतिहासको सम्मान हुनेछ । हरेक स्थानीय सरकारहरुको दायित्व पनि हो आफ्ना ऐतिहासिक पक्षहरुको खोजी गर्ने, संरक्षण सम्वर्द्धन गर्ने । कशिलेकाही अपुष्ट भनाइ पनि सुन्नमा आउछकी मनीराजकै सक्रियता र पहलमा बटौली गढीको निर्माण गरिएको थियो, जहाँ अंग्रेजहरुसँगको अन्तिम युद्ध भइ सुगौली सन्धि भएको थियो ।

मनीराज सामान्य व्यापारी होइनन् भन्ने त केही ऐतिहासिक दस्ताबेजहरुले प्रष्ट पार्दछन् । यसर्थ इतिहासका जानकार, सोधकर्ता र सम्बद्ध संस्थाहरुले उनको लुकेको इतिहास खोजी गरी यथार्थ बाहिर ल्याउनु पर्दछ । अन्यथा इतिहासकारहरुलाई लुकाएको आरोप लाग्न सक्छ ।

यसैगरी स्वयम् मणीराजका सन्तती छन् भने उनीहरुले उनकै पुर्खाको यती महत्वपूर्ण ऐतिहासिक पृष्ठभूमिलाई गुमनाम हुन नदिइ खोजबिनमा चासो राख्नु पर्दछ । मणीराजको इतिहासको खोजी गरी उनको राष्ट्रका लागि योगदान, बटौलीबजार विकासमा भूमिका र मननारायण मन्दिर निर्माण र मन्दिरकालागि राखिएको सयौं बिघा गुठी जग्गाको व्यवस्थापन गरी मननाराणको रथ यात्रा कम्तीमा नगरपालिका क्षत्रभित्र गर्ने व्यवस्था मिलाउने, हरेक दिन आरतीको व्यवस्था मिलाउने र मनीराजले अन्य क्षेत्रमा स्थापना गरेका मन्दिरहरु र मन्दिरकालागि राखिएका गुठी जग्गाहरुको खोजी गरी धर्म संस्कार र संस्कृतिप्रति मनीराजको लगावको सम्मान गर्न जरुरी छ ।

कतिपय स्थानमा इतिहास र संस्कृति संरक्षणकालागि विभिन्न संघ संस्था कृयाशिल हुने गरेका छन् । रुपन्देहीमा पनि यस्ता संस्थाहरुले इतिहास र संस्कृतिका पक्षमा विषगत छलफल, अध्ययन अनुसन्धान र शोध गर्ने कार्यलाई मद्दत गरिरहेको देखिन्छ । उनीहरुको नजर र ध्यान पनि यसतर्फ जानु जरुरी देखिन्छ । र अन्त्यमा अक्टोवर २८ लाई नगरपालिकाको समन्वयमा स्मृति दिन वा दिवसको रुपमा मनाउने कार्यको थालनी होस् र अन्य सम्वद्ध क्षेत्रबाट यो दिनको महत्वकाबारेमा चर्चा गरिने कार्यको थालनी होस् । इतिहास देखिने मात्र होइन, महशुस गरिने पक्ष पनि हो । आफ्ना पुर्खाले देश जनता र स्वतन्त्रताकालागि लडेका वा जीवन आहुती दिएको सम्झना गर्ने राष्टहरु नै बलिया र समृद्ध राष्ट्र गनिएको देखिन्छ । नेपालमा पनि यसको जरुरी छ ।

# नेप्से परिसूचक २२ दशमलव १४ अङ्कले बढ्यो



काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २२ दशमलव १४ अङ्कले उकालो लागेर दुई हजार सात सय ६० दशमलव २१ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६१ अङ्कले उकालो लागेर चार सय ९० दशमलव ७२ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल दुई करोड ४५ लाख ५७ हजार एक सय ५३ कित्ता शेयर रु ११ अर्ब ३१ करोड ५२ लाख सात हजार एक सय २७ मा कारोबार भएको छ । नेप्सेका अनुसार, सपोर्ट माइक्रोफाइनान्स, सामुदायिक लघुवित्त, गुराँस लघुवित्त, मानुषी लघुवित्त, सिर्जनशील लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

यस्तै, इस्टर्न पावर १०, समृद्धि फाइनान्स नौ दशमलव ७१, सानिमा जिआइसी इन्सुरेन्स चार दशमलव १३, दिव्यश्वरी हाइड्रोपावर तीन दशमलव ९९ र सिनर्जी पावर डेभलपमेन्टका लगानीकर्ताले तीन दशमलव ५० प्रतिशतले गुमाएका छन् ।

# सुगन्धकोकिला उत्पादनको केन्द्र बन्दै छिल्लीकोट



तुलसीपुर । यहाँको तुलसीपुर उप-महानगरपालिका-१९ छिल्लीकोट विश्वमै लोपन्मुख भनिएको सुगन्धकोकिला (मल्लागिरी) उत्पादनको केन्द्र बन्दै गएको छ। यहाँ पाइने सुगन्धकोकिलाको बीउ हालसम्म बिक्री गरी २६ जिल्ला पठाइ सकिएको स्थानीय प्रविर पुनले जानकारी दिए।

"विश्वमै लोपोन्मुख यसको बिरुवा छिल्लीकोटमा पाइन्छ भनेपछि धेरै जनाले बीउ लिएर जाने गर्नुभएको छ।"- उनले भने। सुगन्धकोकिला प्रतिकिलो रु सात सय ५० सम्ममा बिक्री हुने गरेको छ। "विगतमा हामीले किलोको पाँच सयसम्ममा बिक्री गरेका थियौँ", उनले भने- "तर, अहिले मूल्य वृद्धि भएको छ।"

यहाँका १० गाउँका एक सय पाँच घरले नै सुगन्धकोकिलाबाट आम्दानी लिने गरेका छन्। यहाँ वार्षिक एक सय ५० क्वीन्टल सुगन्धकोकिला उत्पादन हुने गर्छ। सुगन्धकोकिला विदेश निर्यात गरिन्छ। यहाँबाट सुगन्धकोकिलाको कच्चा पदार्थ लगेपछि के बन्छ, भन्ने कुरा गाउँलेलाई थाहा नभएको स्थानीयवासी जीवराज रेउलेले बताए। "यहाँबाट हामी कच्चापदार्थ बेच्छौँ, त्यसबाट उच्चस्तरको अत्तर, अगरबत्ती बनाउन प्रयोग हुन्छ, भन्ने सुनेका हौँ", उनले भने-"तर, अरु केमा प्रयोग हुन्छ, भन्ने त्यति जानकारी छैन।"

एउटा रुखमा एकपटकमा दुई सय किलोसम्म सुगन्धकोकिला उत्पादन हुने गर्छ। हिजोआज सुगन्धकोकिला भित्र्याउने बेला हो। यस वनस्पतिलाई सरकारले संरक्षण गर्नुपर्ने स्थानीयको माग छ। "पहिले-पहिलेका रुख सुक्दै जान थालिसकेका छन्, हामीले संरक्षणका लागि केही बिरुवा त रोपेका छौँ", रेउलेले भने- "सरकारले संरक्षणका लागि पहल गरिदिएमा यहाँका बासिन्दाको आम्दानीको स्रोत बढ्ने र रुख संरक्षण हुने थिए।"

पछिल्लो समय वन कार्यालयले केही रुख रोपे पनि संरक्षणतर्फ कुनै चासो नदेखाएको स्थानीयवासीको भनाइ छ। सुगन्धकोकिला पवित्र हुने भएकाले धार्मिक कार्यमा प्रयोग गरिनुका साथै यसको पातबाट तेलसमेत निकाल्न सकिने र पिपलपछि दोस्रो बढी अक्सिजन दिने रुखका रुपमा लिइने अर्का स्थानीयवासी पूर्ण पुनले बताए।

सुगन्धकोकिला समुद्र सतहदेखि आठ सयदेखि दुई हजार मिटरको उचाइमा फस्टाउने गर्छ। बिरुवा रोपेको चार वर्षदेखि यसले उत्पादन दिने र यसलाई व्यवस्थित गर्न सकिए देशलाई आर्थिक टेवा पुग्ने स्थानीय बताउँछन्। यहाँ उत्पादित सुगन्धकोकिलाले बेलाबेलामा बजार नपाउने समस्या भएकाले त्यसका लागि चिस्यान केन्द्र स्थापना गरिनुपर्ने माग स्थानीयको छ।

---

**मिलेमतो...**

बजारमा फैलाइएको हल्ला जस्तो अस्पतालले पुरानो पुरानो मेसिन नभई विश्व बजारमा हाल आएकाभन्दा केही पुरानो प्रविधिको मेसिन खरिद गर्न खोजेको उल्लेख गरे। प्रदेश सरकारले उपलब्ध गराएको १५ करोड बजेटबाट नयाँ प्रविधिको मेसिन खरिद गर्न सम्भव नभएकै कारण पुरानो प्रविधिको मेसिन खरिद गर्नु पर्ने बाध्यता रहेको उनले स्पष्ट पारे। 'हामीले खरिद गर्ने भनेको पुरानो मेसिन नभई केही पुरानो प्रविधिको हो, जुन टेस्ला १.५ प्रविधि हो, यसलाई २ टेस्लामा अपग्रेड गर्न सकिन्छ,' प्रमुख ढकालले भने- 'जबकी विश्व बजारमा ३ टेस्ला पनि आएको छ, यसको मूल्य २५ देखि ३० करोड बढी पर्छ उक्त रकम हामीसँग नभएकै कारण पुरानो प्रविधिले भए पनि सेवा दिनुपर्छ भन्ने हाम्रो चाहना हो।'

सरकारले पर्याप्त बजेट उपलब्ध गराएको अवस्थामा आफूहरुले पनि ३ टेस्ला मेशिन खरिद गर्न तयार हुने उनले उल्लेख गरे। खरिद कार्यलाई अझ पारदर्शी र प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयमा सम्पूर्ण कागजातसहित आवश्यक राय तथा निर्देशनको लागि पठाइने समेत उनले स्पष्ट पारे। त्यहाँबाट प्राप्त निर्देशनका आधारमा थप काम कारबाही अगाडि बढाइने उनले बताए।

लुम्बिनी प्रदेश सकारको गौरव आयोजनाको रुपमा रहेको अस्पताललाई १२ सय सैयामा स्तर वृद्धिका लागि अन्डरग्राउण्डसहित १२ तले अत्याधुनिक भवन निर्माणका काम भैरहेको अवस्थामा एमआरआई मेसिन खरिद अपरिहार्य रहेको उनले बताए। लुम्बिनी प्रदेशसहित छिमेकी प्रदेशका जिल्लाहरु समेत गरी यहाँ १६ बढी जिल्लाका सेवाग्राही आउने गर्दछन्। अस्पतालबाट गत आर्थिक वर्षमा मात्रै साढे ३ लाखले स्वास्थ्य सेवा लिएको तथ्याङ्क छ।

**रवि...**

संस्थाका पूर्वअध्यक्ष गीतेन्द्रबाबु (जीबी) राई र पूर्व उप-राष्ट्रतिका छोरा एवं सुप्रिम सहकारीका पूर्वसचिव दीपेश पुनसहित २८ जनालाई प्रतिवादी बनाउँदा अनुसन्धानमै रकम लगेको देखिएपछि लामिछानेलाई प्रतिवादी नबनाएको भन्दै सहकारी पीडितले प्रश्न उठाउँदै आएका थिए। प्रहरीले २८ जनालाई प्रतिवादी बनाएर रुपन्देही अदालतमा मुद्दा दर्ता गर्दा लामिछाने गृहमन्त्री थिए। तर अहिले प्रहरीले लामिछानेविरुद्ध पूरक अनुसन्धान प्रतिवेदन लैजाने गरी इलाका प्रहरी कार्यालय बुटवलले अनुसन्धान गरिरहेको जनाएको छ।

---

## श्री सरस्वती माध्यमिक विद्यालय

कावासोती – १७, नवलपरासी (व.सु.पू.) गण्डकी प्रदेश नेपाल

### क्याटलक सपिंग विधिबाट विद्यालय बस खरिद सम्बन्धी सूचना।

सूचना नं. १/ २०८१ / ०८२

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२७)

उपरोक्त सम्वन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०५।१८ गतेको निर्णय र कावासोती नगरपालिकाको च.नं. १२०८ मिति २०८१ ।०७।२६ गतेको अनुमति पत्रानुसार विद्यालयका निम्ती आवश्यक सवारी साधन (स्कुल वस) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ को खण्ड (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) वमोजिम विद्यालय वस उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरुविच मात्र प्रतिस्पर्दा गराउने क्याटलक सपिंग विधिवाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको विद्यालय वस विक्री गर्न चाहने उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलक वा व्रोसर) र बिक्रेताको आधिकारिक अनुमति पत्र सहित, निवेदन, दर्ता प्रमाण-पत्र, आवश्यक समयसम्मको कर चुक्ता, नविकरण भएका प्रमाण-पत्रको प्रतिलिपीहरु संग्लन राखि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विद्यालयमा शिलवन्दि प्रस्ताव दर्ता गराउनको लागि सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। साथै विद्यालय वसको स्पेशिफिकेशन सहितको थप जानकारी आवश्यक परेमा विद्यालयको फेसवुक पेज www.fb.com/saraswati secondaryschool वा फोन नं. ९८४४९७८७४१, ९८४९३३६४८९, ९८४७०८९२६८ मा सम्पर्क गर्न सकिनेछ।

**खरिदको विवरण**

| सि.नं. | स्कुल वस | इकाई | कैफियत |
|---|---|---|---|
| १. | 40+D Seater (School Bus) | १ | स्वीकृत Technical Specification को लागि यस विद्यालयको फेसवुक पेज www.fb.com/saraswatisecondary school मा हेर्न सकिनेछ। सम्पर्क नं. ९८४४९७८७४१/९८४९३३६४८९/ ९८४७०८९२६८ Email: saraswatisecondaryschool2022@gmail.com |

**प्रधानाध्यापक**

---

## Rainadevi Chhahara Rural Municipality

**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

### Invitation for Bids

Date of publication: 12thNovember 2024AD(2081-07-27 BS)

1. RainadeviChhahara Rural Municipality inviteselectronic bids after cancellation of Contract No: RRM/PAL/W/NCB-06/2081-82from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, ChhaharaPalpawebsite www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Minimum Average Annual Turnover of best three Years within last 10 years | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/ W/NCB -08/2081 -82 | Upgrading of Chhahara- Dhajabanne- Tansingal- Satmure Road (Dhajabanne - Tallo Diga section) (Ch 1+520 to 3+100) | 27th Mangsir 2081 12:00PM | 27th Mangsir 2081 1:00PM | 90 & 120 days | Rs. 2,85,84,000.00 | Rs. 5,35,000.00 | Rs. 5,000.00 |

Chief Administrative Officer

---


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२


---

## विनयी त्रिवेणी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस विनयी त्रिबेणी गाउँपालिकाआर्थिक ऐन,२०७४को व्यवस्था तथागाउँकार्यपालिकाको मिति २०८१/०६/२१ गतेको निर्णयतथा जिल्ला विपद् समितिको निर्णयानुसार खोला खण्डको बगर क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदीजन्य पदार्थ तपशिल बमोजिम डम्पिंग भएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 03/NCB/Rev/ BT/2081-082 | सुनाहीतल्लो खण्ड,सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक | सुनाहहीखोला माथिल्लो खण्ड | ८७५२।८३ | २७८२३५०।०० | ८३४७०।०० | ३०००।०० | |
| 04/NCB/Rev/ BT/2081-082 | खोरंडी | खोरंडीखोला | ५२८७।३७ | १६८०७५०।०० | ५०४२०।०० | ३०००।०० | |
| 05/NCB/Rev/ BT/2081-082 | सिलौटेघाटपुल माथि (खयरघारी) | विनयीखोला सिलौटेघाट पुल माथि देखि दुम्कट्टापुछार सम्म | ८६७६।३९ | २७५८०५०।०० | ८२७४०।०० | ३०००।०० | |
| 06/NCB/Rev/ BT/2081-082 | पुलमाथि, मझुवा र मसानमझुवा | मसानमजुवादेखि खुम्वारीसम्म | ५२३६।४१ | १६६४५५०।०० | ४९९३०।०० | ३०००।०० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले २०८१/०८/२७गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/०८/२७ गतेका दिन दिनको १२:००बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/०८/२७ गते १:००बजे पछीविभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०८/१७ गतेकादिन दिनको १:००बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। प्रथम किस्ता वापत ५०प्रतिशतले हुने रकम नेपाल राष्टबैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२साल भाद्रमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ।प्रथम किस्ता वापत ५०प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाउनेसन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्ने छ।

२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिलेआफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथिउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

८.कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

९.ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१०. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी,२०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु, २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

११. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१३. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

### रूपन्देही सुपरलिगः

# स्टार क्रिकेटको लगातार दोस्रो जित



भैरहवा । निरज मौर्यको उत्कृष्ट बलिङमा स्टार क्रिकेट क्लबले रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा दोस्रो जित निकालेको छ । डिभिजन 'बी' अन्तर्गत सोमबारको खेलमा बुटवल युथलाई ७ विकेटले पराजित गर्दै स्टार क्रिकेटले दोस्रो जित हात पारेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा जितका लागि पाएको ९८ रनको लक्ष्य स्टार क्रिकेटले १७ ओभर ४ बलमा ३ विकेट गुमाउँदै एक सय रन बनाई सहजै जित निकाल्यो । उसको जितमा अस्मान थारुले नटआउट २३, समिप पौडेलले १९, नरबहादुर सार्कीले अविजित १८, राहुल नाउले १६ र राहुल क्षेत्रीले ११ रनको योगदान गरे । बलिङमा बुटवल युथका सन्तोष परियार र अजय चौधरीले १-१ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल युथले निर्धारित ५० ओभरको खेलमा २५ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर ९७ रन मात्रै बनायो । उसलाई सस्तैमा रोक्न स्टारका निरज मौर्यले ८ ओभरमा २ मेर्डन राख्दै २४ रन खर्चेर ६ विकेट लिए । यस्तै, शुभम खनालले ३ विकेट लिन सफल भए ।

बुटवल युथका निरज भण्डारीले ३१, सोनु मल्लाहले २२, विकास न्यौपानेले १४ र स्वाइकोट विश्वासले १२ रन बनाए पनि अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमले हार व्यहोर्यो । खेलमा स्टारका निरज मौर्य प्यलेयर अफ द म्याच भई १ हजार दुई रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ ।

# 'महसुल नतिर्ने उद्योगमा लाइन जोड्न सरकारको निर्णय गलत'



बुटवल । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले बिजुलीको महसुल नतिर्ने उद्योगमा लाइन जोड्न निर्देशन दिने सरकारको निर्णय गलत भएको बताएका छन् ।

सोमबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकमाथिको छलफलमा उनले यस्तो बताएका हुन् ।

आइतबारको मन्त्रिपरिषद् बैठकले डेडिकेटेड र ट्रंकलाइन महसुल नतिर्ने उद्योगमा सोमबार दिउँसो १२ बजेसम्म लाइन जोड्न विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो ।

सांसद सापकोटाले नीतिगत भ्रष्टाचारको विषय कानुनमा स्पष्ट हुनुपर्ने उल्लेख गर्दै भने-'हिजो सरकारको लाइन जोड्न निर्देशन दिने निर्णय पनि आएको छ । त्यो नीतिगत भ्रष्टाचार भनेर सञ्चारमाध्ययमा आएको छ ।'

सांसद अमरेशकुमार सिंहले पनि बक्यौता नतिरी लाइन जोड्न दिइनु नीतिगत भ्रष्टाचार भएको बताए । '१२ बजेसम्म पैसा नतिरे पनि लाइन जोड्न भनेर निर्देशन दिइनु नीतिगत भ्रष्टाचार हो ।'-सांसद सिंहले भने ।

भ्रष्टाचार नियन्त्रण गर्ने हो भने नीतिगत भ्रष्टाचार हुने थलोमा जिम्मेवारी लिएकालाई अनुसन्धानमा तान्नेगरी कानुन बन्नुपर्ने उनको माग छ ।

'प्रधानमन्त्री पद भ्रष्टाचारको मूल जरो हो । संवैधानिक परिषद्को अध्यक्ष पनि प्रधानमन्त्री हुन्छ', केसीले भने-'यो मुलुकमा प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीलाई नीतिगत भ्रष्टाचारको अनुसन्धानमा नतानेसम्म भ्रष्टाचार नियन्त्रण हुन सक्दैन । यसलाई कसरी राख्ने हो ऐनमा राख्नुपर्‍यो ।'

# पाल्पा दरबार संग्रहालयमा हट्यो अँध्यारो

**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पाको प्रमुख ऐतिहासिक पर्यटकीय केन्द्रको रुपमा पाल्पा दरबार संग्रहालय २४सैं घण्टा उज्यालो झिलिमिली बनाइएको छ । दरबार संग्रहालयभित्र बिजुलीबत्ती नभएको समयमा पनि वैकल्पिक उर्जाको व्यवस्था गरी २४सैं घण्टा झिलिमिली बनाइएको हो ।

बिजुलीबत्ती नभएको समयमा पाल्पा दरबार संग्रहालय अवलोकन गर्न जाने पर्यटकहरुले अँध्यारोको कारण अवलोकन नगरी फर्कुनु पर्ने बाध्यता थियो । संग्रहालय अवलोकन गर्न पुगेका लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले बिजुलीबत्ती नहुँदा पर्यटकहरुले संग्रहालय अवलोकन गर्न नपाउने अवस्था देखेपछि दरबार संग्रहालयमा वैकल्पिक उर्जाको व्यवस्था मिलाउन अनुरोध गरेका थिए ।

विद्युत् नभएको समयमा संग्रहालय अँध्यारो रहने अवस्था थियो, संग्रहालय अँध्यारो हुँदा अवलोकनका लागि आउने पर्यटकहरुबाट गुनासो आउने समस्याबाट कठिनाइ भएको अवस्थामा पर्यटनमन्त्री न्यौपानेबाट समस्या समाधानको लागि पहल कदमी लिएकै कारण उज्यालो पाल्पा दरबार संग्रहालय बनेको संग्रहालयका कार्यकारी निर्देशक श्यामकुमार पौडलले बताए ।

मन्त्री न्यौपानेले लुम्बिनी प्रदेशकै उत्कृष्ट पर्यटकीय थलो पाल्पा दरबार संग्रहालयमा तत्काल वैकल्पिक उर्जाको व्यवस्था गर्न मन्त्रालय मातहतको पर्यटक परिषद्लाई निर्देशन दिए लगत्तै परिषद्ले तत्कालै इन्भटर खरिदका लागि संग्रहालयलाई बजेटको व्यवस्थापन गरिदिएको थियो ।

पाल्पा दरबार संग्रहालयमा धेरै भन्दा पर्यटकहरु भित्राउने, अवलोकन गराउने, पुराना कलासंस्कृतिको बारेमा जानकारी गराउने, विभिन्न पक्षलाई सोधखोज तथा अनुसन्धान सहयोग पुर्‍याउन आवश्यक पूर्वाधारहरुको विकास गर्न मन्त्रालयले आवश्यक कामहरु गर्दै आएको प्रदेश पर्यटनमन्त्री न्यौपानेले बताए ।

२०६२ माघ १८ गते तत्कालीन विद्रोही माओवादी आक्रमणबाट ध्वस्त भएको पाल्पा दरबारलाई पुनर्निर्माणपछि २०७२ सालदेखि दरबारमा संग्रहालयको रुपमा सञ्चालनमा आएको थियो । पाल्पा दरबारलाई प्रतापशमशेर राणाले निर्माण गरेका थिए ।

तत्कालिन विद्रोही माओवादी आक्रमण हुनुअघि पाल्पा दरबारमा जिल्लाका अधिकांश कार्यालयहरु सञ्चालनमा रहेका थिए ।

## लुम्बिनी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

# बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०७/२७

यस अस्पतालबाट मिति २०८१-६-१६ गते प्रकाशित Single–stageM Two Envelope Bidding System बिधिको सुचना अनुसार तपसिलमा उल्लेखित ठेक्का नं हरुमा रितपूर्बक दाखिला हुन आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाताहरूले पेश गरेको प्राबिधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई छनौट भएकाले सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) कोनियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मुल्याङ्कन गर्ने प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिन्छ ।

**तपसिल**

| क्र.सं | ठेक्का नं | प्राबिधिक प्रस्तावबाट सारभूत रुपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | LPH-NCB-GOODS -13-2081-082 | East West Concern Pvt.Ltd. Baluwatar Kathmandu | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रूपन्देही मितिः २०८१/०८/०४ (Nov. 19, 2024) समयः १४:०० |
| २ | LPH-NCB-GOODS -14-2081-082 | The Medical Solution Pvt. Ld., Kathmandu-32 | |
| ३ | LPH-NCB-GOODS -15-2081-082 | Himalayan Medical Technologies Pvt. Ltd., Lazimpat, Kathmandu | |
| ४ | LPH-NCB-GOODS -16-2081-082 | Biomed International, pvt. Ltd., Gairidhara, Kathmandu | |

**मेडिकल सुपरिटेण्डेण्ट**

# दूध उत्पादक किसानलाई अनुदान

नवलपरासी । नवलपरासी(बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले दूध उत्पादक किसानलाई प्रतिलिटर रु २० अनुदान दिने भएको छ ।

गाउँपालिकाले गत आर्थिक वर्षसम्म प्रतिलिटर सात रुपैयाँ पचास पैसा अनुदान दिँदै आएकोमा चालु आर्थिक वर्षदेखि अनुदान रकम वृद्धि गरी प्रतिलिटर २० पुर्‍याइएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन । अनुदान रकम साना किसानसम्म पुर्‍याउन एक आवमा सहकारीमार्फत् बिक्री गरेको दूधको परिमाण अनुसार अनुदान रकम प्रदान गरिने गाउँपालिकाका अध्यक्ष पाण्डेले बताइन ।

"गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीहरूले उपलब्ध गराएको वार्षिक तथ्याङ्कका आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ", उनले भनिन्-"किसानलाई प्रोत्साहन गरी गाउँपालिकाभित्र दूध उत्पादन वृद्धि गर्ने हाम्रो मुख्य लक्ष्य हो ।"

हुप्सेकोट गाउँपालिकाको आव २०८१/८२ को नीति कार्यक्रम एवं बजेटमा गाउँपालिकाभित्रका दुग्ध सहकारीमा किसानले बिक्री गरेको प्रतिलिटर दूधमा रु २० नगद अनुदान दिने उल्लेख गरिएको छ । दूध उत्पादन वृद्धि गर्न गाउँपालिकाले आव २०७८/०७९ देखि प्रतिलिटर रु पाँच अनुदान दिन सुरु गरेकोमा चालु आवमा अनुदान रकम उल्लेख्य वृद्धि गरिएको हो ।

उत्पादनको आधारमा अनुदान दिँदा साना किसान लाभान्वित भएको गाउँपालिका अध्यक्ष पाण्डेको भनाइ छ । उत्पादनका आधारमा दूधमा अनुदान वितरण गर्न थाले पछि दूध उत्पादन र पशु पाल्ने किसानको संख्या वृद्धि भएको उनले बताइन ।

"हुप्सेकोट गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्", उनले भनिन्-"गाउँपालिकाको पहाडी क्षेत्रमा पशुपालन कम हुने हुँदा यस क्षेत्रमा दूध उत्पादन कम हुने गरेको छ ।"

गाउँपालिकाले गत आवमा प्रतिलिटर रु १० अनुदान रकम उपलब्ध गराउने घोषणा गरे पनि गण्डकी प्रदेश सरकारले पनि दूधमा अनुदान रकम उपलब्ध गराएकाले प्रदेशबाट किसानलाई प्राप्त अनुदान रकम घटाएर प्रतिलिटर रु १० हुने गरी अनुदान वितरण गरिएको हुप्सेकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले बताए ।

"आव २०८०/८१ मा कूल ७५ हजार दुई सय दुई लिटर दूधमा कूल रु पाँच लाख ६४ हजार १२ अनुदान रकम किसानलाई वितरण गरिएको छ", उनले भने-"आव २०७९/८० मा कूल ५७ हजार तीन सय २३ लिटर दूधमा प्रतिलिटर रु पाँचको दरले रु दुई लाख ८६ हजार छ सय १९ अनुदान रकम प्रदान गरिएको थियो ।"

गाउँपालिकाले दूध उत्पादक किसानलाई अनुदान दिन थाले पछि दूध उत्पादनमा वृद्धि भएको हुप्सेकोट गाउँपालिकाका उपाध्यक्ष पूर्णसिंह रानामगरले बताए । उत्पादन वृद्धि सँगसँगै किसानलाई उत्साहित गराउन यस वर्ष दूध उत्पादनमा आकर्षक अनुदान रकमको व्यवस्था गरिएको उपाध्यक्ष रानाको भनाइ छ ।

चालु आवका लागि दूधमा अनुदान कार्यक्रमअन्तर्गत २५ लाख बजेट विनियोजन गरिएको हुप्सेकोट गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले जानकारी दिए ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्कः

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


## औद्योगिक व्यापार मेला, बुटवल-२०८१

## स्टल बुकिङ सम्बन्धि सूचना

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजनामा मिति २०८१ पौष ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल बुटवल मण्डपमा सञ्चालन हुने **'औद्योगिक व्यापार मेला, बुटवल–२०८१'** मा आफ्नो उत्पादनको प्रदर्शनी गर्न चाहनुहुने व्यवसायिक प्रतिष्ठान, कम्पनी, कृषक, महिला उद्यमीलाई स्टल बुकिङ गरी आफ्नो व्यवसायको प्रवर्द्धन गर्ने अवसर लिनुहुन अनुरोध गर्दछौं ।

**आयोजकः**

**बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही**
फोन : ०७१५३१३४६, ९८४७५९८१२३

**संरक्षकः**

**बुटवल उपमहानगरपालिका**
**नेपाल उद्योग वाणिज्य महासंघ, काठमाण्डौं**

# Jhimruk Rural municipality

## Office of the Rural Municipal Executive

**Bhyagute, Pyuthan**

**Lumbini, Province, Nepal**

# Invitation for Bids

**Second Date of Publication: 2081/07/27 (AD 12/11/2024)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Purchase of Ayurvedic Medicines. Under SQ procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | JRM/SQ/GOODS/ 08/2081/082 | Purchase of Ayurvedic Medicines. | NRs: 4,99,965.75 (Excluding VAT) | NRs: 14,000.00 | NRs: 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo, before 12:00 Hours on 2081/08/12 (AD: 27/11/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/08/12 (AD: 27/11/2024) 13:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. (Note: While Purchasing the remaining amount, The contracted suppliers have to provide the goods on demand of the office, at agreed rate in contract, if required through out the current fiscal year.)
8. (Note: VAT given by the system of Contract ID No.: JRM/SQ/GOODS/08/2081/082 will be ignored, because no VAT will be charged on Medicines.)

**Chief Administrative officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com